महिला तथा बाल अधिकारको सुनिश्चितता हाम्रो प्रतिबद्धता

# हाम्रो आवाज

मासिक बुलेटिन

बर्ष :- १८ अङ्क :- १४ महिना :- वैशाख, २०७५

## हिंसामा महिला र बालबालिका २०७५ वैशाख

बर्दिया नगरपालिका ९ की एक अपाङ्ग महिला बलात्कृत भएकी छन् । महिलालाई बलात्कार गरेको अभियोगमा ५० वर्षीय स्थानीय हरि थारुलाई प्रहरीले पक्राउ गरेको छ । सुस्त मनस्थिति भएकी महिलालाई पटक पटक बलात्कार गरेको आरोप छ । *नयाँपित्रका दैनिक ९ वैशाख २०७५*

डोल्पाको ठुलीभेरी नगरपालिका ७ जुवाफल बस्ने एक महिला पतिको कुटाइबाट गम्भीर घाइते भएकी छन् । पति कुमार शाहले मरणासन्न हुनेगरी कुछपिट गरेपछि बिसरा रोकाय गम्भीर घाइते भएकी हुन् । मदिरा सेवन गरेका पति शाहले छोरा नपाएको रिसमा घरमा नराख्ने भन्दै धारिलो हतियार प्रहार गरेर गम्भीर घाइते बनाएको रोकायको आरोप छ । *कान्तिपुर दैनिक २४ वैशाख २०७५*

बर्दिबासस्थित धारामा पानी छुँदा बर्दिबास नगरपालिका माईस्थानस्थित भब्सीको हवल्दार टोलमा आमा छोरी कुटिएका छन् । गग्रीमा भरिरहेको पानी छुँदा स्थानीय वृद्धमा विश्वकर्मा र उनकी छोरी वर्ष १६ की मनीषालाई कुटपिट गरिएको हो । स्थानीय कमला गिरी र उनकी छोरी दीपिकाले कुटपिट गरेको पीडित परिवारले जनाएको छ । *अन्नपूर्ण पोष्ट दैनिक २१ वैशाख २०७५*

पर्वतको मोदी गाउँपालिका वडा नं. ३ देउराली गाउँकी एक वृद्धालाई बलात्कार गरेको आरोपमा २० बर्षे शंकर परिवारलाई पक्राउ परेका छन् । मोदी गाउँपालिका १ भूक घर भई देउरालीमा बस्दै आएका परिवारले आफ्नो कोठामा बोलाएर बलात्कार गरेको प्रहरीले जनाएको छ । *अन्नपूर्ण पोष्ट दैनिक १३ वैशाख २०७५*

राजधानीबाट प्रकाशित दैनिक अखबार गोरखापत्र दैनिक, कान्तिपुर दैनिक, अन्नपूर्ण दैनिक र नयाँ पत्रिका दैनिकमा प्रकाशित हिंसामा महिला र बालबालिकासँग सम्बन्धीत समाचारको अनुगमन गर्दा २०७५ को वैशाख महिनामा मुलुकभर ७ वटा समाचार प्रकाशित भएको छ । प्रकाशित समाचार अनुसार ७ महिला र ३ बालबालिका माथि हिंसा भएको पाइएको छ ।

## हिंसामा महिला




ब्रोडसिट दैनिकहरुका अनुसार यस महिनामा १ महिलाको हत्या भएको छ । श्रीमानले गर्भमा छोरी रहेको थाहा पाएपछि कुटपिटका कारण उनको मृत्यु भएको समाचारमा उल्लेख छ । त्यसैगरी ३ जना महिला बलात्कारको शिकार बनेका छन् । त्यसमध्ये एक महिला सामूहिक बलात्कृत भएका हुन् । बलात्कारमा पर्ने महिला वृद्धा र अपाङ्गता भएको पनि समाचारमा उल्लेख छ । २ जना महिला कुटपिटमा परेका छन् । गग्रीमा भरिरहेको पानी छुँदा वश्वकर्मा थरकी एक महिलामाथि कुटपिट भएको छ भने अर्का छोरा नपाएको रिसमा पतिले धारिलो हतियार प्रहार गरेर गम्भिर घाइते बनाएको समाचारमा उल्लेख छ ।

## हिंसामा बालबालिका

त्यसैगरी ३ बालबालिका हिंसामा परेका छन् । २ बालकको हत्या भएको छ भने १ बालिका कुटपिटमा परेकी छन् । दुई बालकको हत्या आफ्नै बाबुले गरेका हुन् । विश्वकर्मा थरकी बालिकालाई भरिरहेको गग्रीको पानी छुँएको आरोपमा स्थानीयले कुटपिट गरेको समाचारमा उल्लेख छ ।




## क्षेत्रगत आधारमा :

तीन महिनाको अवधिमा हिंसामा महिला तथा बालबालिकासँग सम्बन्धित घटनालाई प्रादेशीक आधारमा हेर्दा प्रदेश नं. प्रदेश नं. (२) २, प्रदेश नं. (३) १, प्रदेश नं. (४) १, र प्रदेश नं. (५) २, र प्रदेश नं. (६) १ गरी जम्मा ७ वटा समाचार प्रकाशित भएका छन् ।



## इहृकन गतिविधि
















थप जानकारीका लागि

**मानव अधिकार सञ्चार प्रतिष्ठान नेपाल (इहृकन )**

ज्वागल कुपण्डोल ललितपुर

फोन नं. **०१-५०११२०४, ५५४४२०५** मा सम्पर्क गर्न अनुरोध छ ।